# श्रम ऐन कार्यान्वयन नगर्ने प्रतिष्ठानहरू

● विष्णु रिमाल

दश वर्ष अघि श्रम ऐन निर्माण भए यता यूनियन आन्दोलनको एक मात्र माग "श्रम कानूनहरू व्यवहारमा लागूगरियोस्" भन्ने रह्यो । यस अवधिमा नीति निर्माणका तहमा भएका सकारात्मक निर्णयहरू समेत कार्यान्वयनको अभावमा प्रभावहिन बन्न पुगे ।

अर्कातिर व्यवस्थापन पक्षले कानून कार्यान्वयन नगरेको भन्ने यूनियनको दावीलाई कुटनीतिक ढंगले चुनौती दिंदै आयो । "कहाँ, के के बुँदा लागूभएनन् क्लियर गर्न पर्‍यो भन्ने" उद्योग व्यवसाय जगतका नेताहरूको भनाइ रह्यो । राष्ट्रिय स्तरमा ठोस निष्कर्ष निकाल्न प्रतिष्ठानहरूमा भइरहेको श्रम कानूनको कार्यान्वयन को यथार्थ तस्बीर नमुना सर्वेक्षणद्वारा रूपमा भए पनि राख्नु जरुरी भयो । यही आवश्यकतालाई ध्यानमा राखी नेपाल ट्रेड यूनियन महासंघले श्रम कानून कार्यान्वयनको अवस्था पत्ता लगाउन गरेको सर्वेक्षण प्रतिवेदन हालै प्रकाशित गरिएको छ । प्रतिवेदनमा विभिन्न तालिका र एक दर्जन जति ग्राफ समेत संलग्न गरिएको छ ।

यसका अतिरिक्त मे दिवस २००१ का दिन नेपाल ट्रेड यूनियन महासंघले "यो वर्ष न्यूनतम श्रम मापदण्ड पूरा नगर्ने उद्योगहरूको कालो सूची प्रकाशन गरिनेछ र श्रम कानून लागूगर्न दवाव दिइनेछ ।" भनी घोषणा गरे अनुसार नकारात्मक प्रवृत्तिको निम्न अनुसारको लेखाजोखा पनि गरेको छ ।

### १. आधारभूत मापदण्ड उल्लंघन गर्ने प्रतिष्ठानहरू

सर्वेक्षणमा समावेश गरिएका ३५ विषय मध्ये १३ वटालाई आधारभूत विषयको रूपमा छनौट गरियो । ती बुँदाहरू निम्न अनुसार छन्-

- नियुक्ति पत्र
- २४० दिन काम गरेपछि स्थायी गर्ने

- संचयकोषको व्यवस्था
- न्यूनतम पारिश्रमिक लागूगर्ने
- कार्य समय निर्धारण
- साप्ताहिक, सार्वजनिक, क्रिया, घर, बिरामी र प्रसुती बिदा दिने
- प्रतिष्ठानमा सामूहिक माग राख्ने
- यूनियनमा संलग्न श्रमिकलाई कार्वाही गरिएको

सर्वेक्षण गरिएका ७५० प्रतिष्ठानमध्ये ४६ प्रतिष्ठानहरूमा यी आधारभूत अधिकार उपलब्ध छैनन् । ४६ मध्ये ५५.६ प्रतिशत प्रतिष्ठान बागमतीका छन् । बाँकी ३१.१ प्रतिशत जनकपुर, ११.१ प्रतिशत सगरमाथा र २.२ प्रतिशत नारायणी अंचलका छन् । विषयगत हिसाबले २४ प्रतिष्ठान अर्थात् ५२.१ प्रतिशत प्रतिष्ठानहरू कार्पेट उद्योगमा छन् । म्यानुफ्याक्चरिङ र अन्य ३०.५ प्रतिशत, खाद्यपेय क्षेत्रका १०.१ प्रतिशत र यातायातसँग सम्बन्धित ६.५ प्रतिशत उद्योग छन् ।

### २. नियुक्ति पत्र नदिने, २४० दिन पछि स्थायी नगर्नेहरू

काममा प्रवेश गर्दा श्रम ऐन-२०४८ अनुसार सेवा शर्त तोकेर नियुक्ति पत्र दिनु पर्छ, कुनै पनि प्रतिष्ठानमा २४० दिन सेवा गरेका श्रमिकलाई स्थायी गरिनु पर्छ ।

सर्वेक्षणले भन्छ ७५० मध्ये ४४० वटा (५८.६० प्रतिशत) प्रतिष्ठानले कानूनको यो दफा लागूगरेका छैनन् । यस्तो प्रतिष्ठान मध्ये बागमती अंचलमा ६२.७३ प्रतिशत ( २७६ वटा) छन् । त्यसपछि नारायणीमा १३.६४ प्रतिशत (६० वटा) छन् ।

विषयगत रूपमा सबैभन्दा धेरै कार्पेट क्षेत्रका २९.५५ प्रतिशत (१३० वटा) प्रतिष्ठानहरू यो दफा लागूनगर्नेमा पर्छन् । दोस्रो नम्बरमा टेक्सटायल गार्मेन्टसँग सम्बन्धित उद्योग छन् । यहाँ १५.९१ प्रतिशत (७० वटा) प्रतिष्ठानहरू छन् ।

### ३. न्यूनतम मापदण्ड पूरा नगर्ने प्रतिष्ठान

आधारभूत मापदण्ड भित्र पनि कार्यघण्टा, ज्याला र ओटी जस्ता विषयलाई न्यूनतम मान्न सकिन्छ । यसरी न्यूनतम मापदण्ड भित्रै सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिक लागूगर्ने, कार्य समय निर्धारण गर्ने, बिदाको दिनमा र ८ घन्टा भन्दा बढी समय काममा लगाउँदा ओटी दिने र ओटी तलबको डेढी दिनु पर्ने विषय पर्छन् । नेपालमा २०२२ सालदेखि नै न्यूनतम पारिश्रमिक तय गरिँदै आएको छ र हालका वर्षमा त्रिपक्षीय समितिबाट न्यूनतम पारिश्रमिक निर्धारण गरिन्छ । ८ घन्टा भन्दा बढी समय काम गराउँदा ओटी दिनु पर्ने र ओटी तोकिएको पारिश्रमिकको डेढी हुनु पर्ने श्रम कानूनबाटै नियमित गरिएको छ ।

तर सर्वेक्षण गरिएका मध्ये १६.२७ प्रतिशत प्रतिष्ठानमा यी ४ वटै न्यूनतम मापदण्ड लागूगरिएको छैन । यी प्रतिष्ठानमध्ये ५८.२० प्रतिशत बागमतीमा छन् । जनकपुर र नारायणीमा क्रमशः १३.११ प्रतिशत र ९.८४ प्रतिशत छन् ।

विभिन्न उद्योगमा न्यूनतम मापदण्ड लागूनगर्ने प्रतिष्ठान मध्ये ४७ .५४ प्रतिशत कार्पेट क्षेत्रमा छन् । यातायात, मेनुफ्याक्चरिङ उद्योग र होटेल क्षेत्रमा क्रमशः १३.११ प्रतिशत र १२.३० प्रतिशत यस्ता प्रतिष्ठान छन् ।

### ४. कुनै पनि बिदा नदिने प्रतिष्ठान

सर्वेक्षण गरिएका कूल प्रतिष्ठानको २४.१३ प्रतिशत प्रतिष्ठानमा प्रश्नमा सोधिएको (साप्ताहिक, सार्वजनिक, क्रिया, घर, बिरामी र प्रसुती) कुनै पनि बिदा दिइदैन । यस्ता १८१ वटा प्रतिष्ठानको ६७.९६ प्रतिशत बागमती अंचलमा नै छन् । बागमती पछि नारायणी (१२.१५ प्रतिशत) र जनकपुर (११.०५ प्रतिशत) अंचल आउँछन् ।

कार्पेट क्षेत्र सबै मामिलामा अनुदार देखिएको छ । कुनै पनि बिदा नदिने प्रतिष्ठान मध्ये ४८.६२ प्रतिशत कार्पेट क्षेत्रमा नै छन् । अन्य क्षेत्रमा यस्ता प्रतिष्ठान १५ प्रतिशत भन्दा कम छन् ।

### ५. ट्रेड यूनियन अधिकार माथि अंकुश लगाउनेहरू

ट्रेड यूनियन अधिकार छ कि छैन आंकलन गर्न ५ वटा प्रश्नको सहारा लिइएको थियो । यी प्रश्नहरू- प्रतिष्ठानमा माग राख्न सकिने अवस्था, सामूहिक सौदावाजी गर्दा व्यवस्थापनबाट हुने बाधा, संभौता र सरकारी निर्णय कार्यान्वयनको स्थिति, ट्रेड यूनियन गठनमा व्यवस्थापनले उत्पन्न गर्ने बाधा र यूनियन गतिविधिमा संलग्न हुनेमाथि गरिने कार्वाही सँग सम्बन्धित थिए ।

सर्वेक्षणमा परेका कूल ७५० प्रतिष्ठान मध्ये ११३ वटा प्रतिष्ठानहरू यस्ता अधिकार माथि अंकुश लगाउने देखिए । यो संख्या सिंगो संख्याको १५ प्रतिशत हो । यी प्रतिष्ठान मध्ये वागमतीका ५५ प्रतिशत प्रतिष्ठानले ट्रेड यूनियन अधिकार माथि अंकुश लगाउँछन् । वागमती पछि जनकपुरका १३ प्रतिशत, नारायणीका १२ प्रतिशत, लुम्विनीका ८ प्रतिशत र सगरमाथाका ७ प्रतिशत प्रतिष्ठानले यूनियन अधिकारका अंकुश लगाउँछन् ।

यस्ता प्रतिष्ठानहरूमा कार्पेट क्षेत्रका सवैभन्दा धेरै (३० प्रतिशत) र सबैभन्दा कम प्रेश र अटोमेकानिकल क्षेत्रमा (१ प्रतिशत भन्दा कम) छन् । टेक्सटायल-गार्मेण्ट र मेनुफ्याक्चरिङ तथा अन्य उद्योगको स्थिति उस्तै देखिन्छ । यहाँ १७ प्रतिशतको हाराहारीमा यस्ता मजदुर अधिकार विरोधी प्रतिष्ठान छन् ।

### ६. स्वास्थ्य सुरक्षाको कुनै पनि व्यवस्था नगर्ने प्रतिष्ठान

स्वास्थ्य परीक्षण गर्ने, बिरामी हुँदा औषधि उपचारको व्यवस्था गर्ने, क्षतिपूर्तिको व्यवस्था गर्ने, प्राथमिक उपचारको व्यवस्था, दुर्घटना वा चोटपटक लाग्दा औधोपचार/क्षतिपूर्तिको व्यवस्था गर्ने, दुर्घटना र जीवन बीमा "छ-छैन" जस्ता ६ वटा प्रश्नहरू सर्वेक्षणको क्रममा सोधिएका थिए । यस्ता कुनै पनि व्यवस्था नगर्ने प्रतिष्ठान पनि होलान् र? भन्ने धेरैलाई लाग्न सक्छ । तर, २४.५३ प्रतिशत प्रतिष्ठानमा यस्ता कुनै पनि सुविधा छैनन् र ६९.५७ प्रतिशत यस्ता प्रतिष्ठान बागमतीमा छन् । त्यसमध्ये पनि ५१.०९ प्रतिशत यस्ता प्रतिष्ठानहरू कार्पेट क्षेत्रमा नै छन् ।

श्रमिक खबर, संख्या ६६, असोज २०५८